# भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

Fax ०८३- ५४०११०
Phone ०८३- ५४०१५४


प.सं. :- ०८१/०८२
च नं :

**फोहरमैला ब्यवस्थापन तथा सेवा शुल्क सङ्कलन सम्बन्धी दरभाऊपत्र आव्हानको सूचना**

सूचना प्रकाशित मिति २०८१/०९/०८

सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार यस भेरिगंगा नगरपालिकाको फोहोरमैला सेवा शुल्क बापत यस कार्यालयको आर्थिक ऐन, २०८१ बमोजिमको दररेटको अधिनमा रही भेरीगंगा नगरपालिका वडा नं.२,४,५,६,८,९,१०,११,१२ र १३ सम्मको घरदैलो, पसल, कार्यालय बाट निस्कने फोहर, सडक सफाई र सार्वजनिक स्थलको सफाईबाट निस्कने फोहरको संकलन, ढुवानी र विसर्जन सेवा शुल्क संकलनका लागि इच्छुक संस्था तथा फर्महरुबाट तपसिलमा उल्लेखित कागजात सहित देहायको शर्तहरुको अधिनमा रहेने गरि बढोबढ विधिमा शिलबन्दी दरभाऊपत्र आवहान गरिएको छ । ठेक्का संचालन गर्न इच्छुक प्रस्तावकहरुले यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np मा गई दरभाउपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु:-**

१. दरभाऊपत्र सम्बन्धी कागजातको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध) दिन भित्र चालु आ.व.को लागि नवीकरण गरेको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र एवं मु.अ.कर (भ्याट) दर्ता प्र.पत्र, आ.व २०८०/०८१ को कर चुक्ता प्रमाण पत्र संलग्न राखि निवेदन साथ रु १०००।- (एक हजार रुपैया) दस्तुर (फिर्ता नहुने) तिरी दरभाऊपत्रदाताले सार्बजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट मात्र दरभाऊपत्र download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ । दरभाऊपत्र फाराम दस्तुर वापत कृषि बिकास बैंक, छिन्चु शाखा, सुर्खेतमा रहेको यस कार्यालयको राजस्व खाता नं ०७२१००११४६०३७२२१ (0721001146037221) मा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन मितिः २०८१/०९/२३ गते दिनको १२.०० बजे भित्र बिध्युतिय माध्यमबाट (electronically मात्र) दर्ता गर्न सकिने छ र सोहि दिन १:०० बजे बोलपत्र खोलिनेछ।

२. ठेक्का अवधी ४ (चार) वर्षको रहनेछ, प्रत्येक वर्ष कवोल अंकको १०% ले ठेक्का रकम बृद्धि हुंदै जानेछ ।

३. दरभाऊपत्र खरिद, गर्ने दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

४. दरभाऊपत्र साथ प्रस्तावकले आफुले कबोल गरेको पहिलो आ.व.को कुल रकमको ५ (पांच) प्रतिशतले हुनआउने रकम बोलपत्र जमानत (बीड वण्ड) वापत यस भेरिगंगा नगरपालिका कार्यालयको नाममा रहेको कृषि विकास बैंकको खाता नं. ०७२१००११४६०३७१६७ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको पक्षबाट दरभाऊपत्र दाखिला गर्ने अन्तिम दिनबाट न्युनतम ७५ दिन म्याद राखि जारी गरिएको "क" श्रेणीको कृषि विकास बैंकको जमानी पत्र (विडवण्ड) संलग्न हुनु पर्नेछ।

५. स्वीकृत दरभाऊपत्र दाताले सम्झौता गर्नु पुर्व कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) वापत सम्बन्धित आ.व. को स्वीकृत कवोल अंकको ५ (पांच) प्रतिशतले हुन आउने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षमा जारी गरिएका "क" श्रेणीको कृषि विकास बैंककौ जमानी पत्र पेश गर्नु पर्नेछ। यसरी नै प्रत्येक आ.व.को

प्रमुख प्रशासकिय अधिकृत

Fax ०८३- ५४०११०
Phone ०८३- ५४०१५४

# भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## छिन्चु, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

प.सं. :- ०८१/०८२
च.नं. :

लागि कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) को नवीकरण गर्नु पर्नेछ।

७. म्याद नाघी, रीत नपुगी र/वा शर्तसहित पेश हुन आएका वोलपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन। दरभाऊपत्र स्वीकृत गर्ने वा नगर्ने वा खरिद प्रक्रिया रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४, सार्वजनिक खरीद ऐन, २०६३ नियमावली, २०६४, सा. नि.सा. कार्यविधि, निर्देशिका एवं प्रचलित कानून बमोजिम हुनेछ।

९. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ साथै यो सूचना नगरपालिकाको वेवसाईट www.bheringamun.gov.np बाट समेत Download गरी हेर्न सकिने छ।

१०. यस भेरिगंगा नगरपालिकाले फोहोरमैला प्रशोधन तथा ब्यबस्थापन केन्द्र भेरिगंगा १२ मा आवश्यक भौतिक संरचना (पूर्वाधार), समुदायमा गरिने सुचना, पानि जडान, बिधुत जडान, सम्बन्धि सहयोग मात्र गर्नेछ र संचालनको लागि अन्य व्यबस्था आफैले गर्नुपर्नेछ।

| सूचना नं./ ठेक्का नं. | कामको विवरण | धरौटी रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| BGM/WMR/SQ/2081/082-11 | सार्वजनिक निजि साझेदारी अवधारणा अनुसार नगरको फोहोरमैला प्रसोधन व्यवस्थापन तथा सेवा शुल्क संकलन | कबोल अंकको ५ (पाँच) प्रतिशत | रु १,०००.००/- | प्रति बर्षमा रकम कबोल गर्नुपर्ने छ। |

कृष्ण प्रसाद खोड्ले (?)
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner